नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

प.सं. २०७७/७८
च.नं./PMEP ३६५

मितिः२०७८/०२/०३

श्री नगरपालिका र गाउँपालिका, सबै ।

मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

विषयः प्र.म.रो.का सञ्चालन गर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणका लागि पालन गर्नु पर्ने न्यूनतम सतर्कता सम्बन्धमा ।

विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा तिव्र रुपमा बढ्दै गइरहेको र यसले जनस्वास्थ्य, सार्वजनिक सेवा प्रवाह तथा मानव जीवनमा नकारात्मक प्रभाव समेत पार्दै गएको अवस्थालाई मध्यनजर गर्दै यो महाव्याधिको रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८/१/१३ को निर्णयले प्रमुख जिल्ला अधिकारीलाई संक्रामक रोग नियन्त्रण ऐन २०२० को दफा २ को उपदफा २ को अधिकार प्रयोग गर्ने गरी सार्वजनिक आवागमन, बजार सञ्चालन तथा अन्य सबै वस्तु र सेवाहरुको नियमन र नियन्त्रण गर्ने गरी उपर्युक्त व्यवस्था गर्न अधिकार प्रदान गरेको र सोही बमोजिम विभिन्न जिल्लाहरुमा खुल्ला रुपमा आवत जावत गर्न नपाइने गरी आदेश समेत जारी गरिएको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा नेपाल सरकारको मिति २०७७/१/२४ को निर्णय अनुसार स्वास्थ्य सुरक्षा सम्बन्धी विभिन्न मापदण्ड पालना गरी विकास आयोजना सम्बन्धी कार्यहरु सञ्चालन गर्न सकिने पृष्ठभुमिमा प्रधानमन्त्री रोजगार कार्यक्रम (कामका लागि पारिश्रमिक र युवा रोजगारीका लागि रुपान्तरण पहल) सँग सम्बन्धित आयोजनाहरु कोभिड-१९ संक्रमणको जोखिमलाई न्यूनीकरण गर्दै स्वास्थ्य सुरक्षा तथा सचेतनाका उपायहरु अवलम्बन गरी ७५३ स्थानीय तहहरुले सञ्चालन गर्नुपर्ने भएकोले सो प्रयोजनका लागि संलग्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणका लागि पालन गर्नु पर्ने न्यूनतम सतर्कता कार्यान्वयनको व्यवस्था हुन नेपाल सरकार (सचिवस्तर)को मिति २०७८/२/२ को निर्णयानुसार अनुरोध छ ।

२०७८/०२/०३

(उषा थपलिया(पाण्डे))
शाखा अधिकृत

## प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणका लागि पालन गर्नु पर्ने न्यूनतम सतर्कता

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

**पृष्ठभुमिः**

विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण समेत नेपालमा तिव्र रुपमा बढ्दै गइरहेको र यसले जनस्वास्थ्य, सार्वजनिक सेवा प्रवाह तथा मानव जीवनमा नकारात्मक प्रभाव समेत पार्दै गएको अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८/१/१३ को निर्णयले प्रमुख जिल्ला अधिकारीलाई संक्रामक रोग नियन्त्रण ऐन २०२० को दफा २ को उपदफा २ को अधिकार प्रयोग गर्ने गरी सार्वजनिक आवागमन, बजार सञ्चालन तथा अन्य सबै वस्तु र सेवाहरुको नियमन र नियन्त्रण गर्ने गरी उपर्युक्त व्यवस्था गर्न अधिकार प्रदान गरेको र सोही बमोजिम विभिन्न जिल्लाहरुमा खुल्ला रुपमा आवत जावत गर्न नपाइने गरी आदेश समेत जारी गरिएको छ। साथै नेपाल सरकारको मिति २०७७/१/२४ को निर्णय अनुसार स्वास्थ्य सुरक्षा सम्बन्धी विभिन्न मापदण्ड पालना गर्ने गरी विकास आयोजना सम्बन्धी कार्यहरु सञ्चालन गर्न सकिने पृष्ठभुमिमा प्रधानमन्त्री रोजगार कार्यक्रम (कामका लागि पारिश्रमिक र युवा रोजगारीका लागि रुपान्तरण पहल) सँग सम्बन्धित आयोजनाहरु कोभिड-१९ संक्रमणको जोखिमलाई न्यूनीकरण गर्दै स्वास्थ्य सुरक्षा तथा सचेतनाका उपायहरु अवलम्बन गरी स्थानीय तहहरुले सञ्चालन गर्नु पर्ने भएकोले सो प्रयोजनका लागि नेपाल सरकार (सचिवस्तर) को मिति २०७८/२/२ को निर्णयले जारी गरिएको छ।

१. **आयोजना सञ्चालन गर्नु पूर्व कामदारलाई कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरणका लागि सरसफाइ तथा व्यक्तिगत व्यवहार सुधार सम्बन्धी देहायका बिषयमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको रोजगार संयोजक वा रोजगार कार्यक्रम सञ्चालनका लागि तोकिएको अधिकार प्राप्त व्यक्तिले जानकारी गराउनुपर्नेछः-**

१.१ कोभिड-१९ सम्बन्धी सामान्य जानकारी, भाइरससंक्रमण हुने प्रक्रिया, संक्रमित व्यक्तिमा देखापर्ने लक्षण र संक्रमण जोखिम रोकथाम र नियन्त्रण सम्बन्धमा अपनाइने उपायहरु र देहायका मुख्य विषयहरूः-

१.१.१ नाक,मुख र आँखा छुन नहुने,

१.१.२ मास्कको अनिवार्य र उचित प्रयोग गर्नुपर्ने,

१.१.३ हात मिलाउन/अंकमाल गर्ने जस्ता काम गर्न नहुने,

१.१.४ न्यूनतम ६ फिटको सामाजिक/ भौतिक दूरी कायम गर्ने,

१.१.५ अरुको हातले असुरक्षित रुपमा चलाएको तयारी खानेकुरा उपयोग नगर्ने,

१.१.६ कामदारले प्रयोग गर्ने औजार उपकरणहरु एक आपसमा साटासाट नगर्ने तथा त्यस्ता सामाग्रीहरु प्रयोग पुर्व निसँक्रमण (disinfect) गर्ने,

१.१.७ सकभर सानो समुहमा काम गर्ने र भौतिक दुरी कायम गर्ने ।

१.१.८ प्रयोग गरेको मास्क सुरक्षित तरिकाले फोहोर फाल्ने स्थानमा राख्ने । जथाभावी नफाल्ने ।

**२. कार्यस्थलमा निम्न अनुसारका न्यूनतम सुविधा सम्बन्धित स्थानीय तहले गर्नु पर्ने व्यवस्था सम्बन्धमाः-**

२.१ हरेक दिन काम सुरु गर्नु पहिले सबै कामदारको ज्वरो नाप्ने र स्वास्थ्यको सामान्य विवरण राख्ने। यसका लागि ज्वरो नाप्नको लागि थर्मल गन वा थर्मोमिटरको बन्दोबस्त गर्ने ।

२.२ हात मुख धुनको लागि साबुन पानीको बन्दोबस्त,

२.३ नाक मुख छोप्नको लागि मास्कको उपलब्धता,

२.४ खानेपानीको व्यवस्थाका लागि सबै कामदारलाई आ-आफ्नो बोतल भाँडोको उपलब्धता,

२.५ काम शुरु गर्न पहिले, खाना खानु पूर्व, दिसा पिसाव गरेपछि र आवश्यकता अनुसार अनिवार्य रुपमा साबुन पानीले हात धुन उत्प्रेरित गर्ने पोष्टर/सूचना टाँस गरिएको हुनुपर्ने,

२.६ कार्यस्थलमा उचित सरसफाइ,

२.७ कुनै कामदारलाई कोभिडको लक्षण देखिएमा वा अन्य आकस्मिक स्वास्थ्य उपचारको लागि स्वास्थ्य संस्थामा लानु पर्दा सहजै र शीघ्र एम्बुलेन्सको उपलब्ध हुन सक्ने गरी मिलाउने,

२.८ उपलब्ध भए सम्म कार्यस्थल वरपर कोभिड-१९का लक्षण र यसबाट बच्ने उपायहरुको जानकारी मुलक चित्र, होडिङ् बोर्ड आदि स्थानीय भाषामा राख्ने व्यबस्था मिलाउने,

**३. कोभिड-१९ का लक्षण देखिएमा अपनाउने सतर्कता सम्बन्धमाः-**

३.१ तत्काल काममा नलगाई अलग्याएर राख्ने र स्थानीय तहसँग समन्वय गरी नजिकको स्वास्थ्य संस्थामा परीक्षणको लागि पठाउने,

३.२ स्वास्थ्य परिक्षणबाट कोभिडको आशंका गरिएमा/परीक्षणबाट पुष्टि भएका कामदारलाई काममा नलगाउने, स्वास्थ्य उपचारमा समन्वय गर्ने, घर परिवारलाई जानकारी गराउने,

३.३ कोभिड १९ बाट बच्ने उपायहरुका बारेमा जानकारी आदानप्रदानका लागि कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरु सँग समन्वय र सहजीकरण गर्ने,

३.४ आयोजनामा कार्यरत कामदारहरुको आवश्यकता अनुसार एन्टिजेन तथा पिसिआर जाँच गराउने,

३.५ कार्यस्थलामा कार्यरत कामदारहरुलाई कोभिड-१९ सम्बन्धी लक्षण देखिएमा सोको जानकारी गराउने कार्य आयोजनाको रोजगार उपभोक्ता समितिको अध्यक्षले गर्नु पर्नेछ ।

४. **रोजगार सेवा केन्द्रमा अपनाउने सतर्कता सम्बन्धमाः-**

४.१ कार्यलयमा आउने कर्मचारी तथा आगन्तुकलाई मास्क अनिवार्य गर्ने तथा आगन्तुकहरुको नाम, ठेगाना, सम्पर्क नम्वर, भेट गरेको मिति र समय खुल्ने विवरण राखे ,

४.२ कार्यलयमा हात धुने व्यबस्था वा सेनिटाईजरको प्रवन्ध गर्ने,

४.३ कार्यलयका कर्मचारी तथा आगन्तुकले अनिवार्य भौतिक तथा सामाजिक दुरी गर्ने,

४.४ कार्य स्थल समय समयमा निर्मलीकरण(Disinfect) गर्ने,

४.४ रोजगार उपभोक्ता समिति तथा अन्य सरोकारवालासंग गरिने छलफल तथा बैठक सकभर सुरक्षित प्रविधिको प्रयोग गरी (Distance/Online meeting ) गर्ने,

५ **कार्यालयमा स्वयं उपस्थित भई बैठक सञ्चालन गर्ने सम्बन्धमाः-**

५.१ हात सफा गर्नलाई साबुनपानी वा स्यानीटाइजरको प्रयोग गर्ने,

५.२ कम्तीमा ६ फिटको भौतिक/सामाजिक दुरी कायम गर्ने,

५.३ मास्कको अनिवार्य र उचित प्रयोग गर्ने,

५.४ बैठक चलिरहेको बेलामा चिया वा खाजा नखाने,

५.५ चिया/खाजा खानुपूर्व अनिवार्य रुपमा साबुन पानी वा स्यानीटाइजर प्रयोग गर्ने,

६. **विविध –**

६.१ कोभिड-१९ संक्रमण नियन्त्रणका लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी हुने आदेश, निर्णय तथा मापदण्ड अनुसार गर्ने गराउने।

६.२ कोभिड-१९ पूर्ण नियन्त्रण भै नसकेको अवस्थामा पनि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आवश्यकता अनुसार सञ्चालन गर्दा कोभिड-१९ न्युनिकरणका लागि थप बजेट आवश्यक भएमा गाउँपालिका तथा नगरपालिकाले आवश्यक बजेटको व्यवस्था गर्न सक्नेछ ।